मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218

9802592799

9803474311

9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com


## पार्टी र सरकारमा समस्या छैन: सिंह

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभाका सदस्य डा. अमरेश सिंहले पार्टीमा कुनै समस्या नरहेको बताएका छन्।

सोमबार साँझ वीरगंजस्थित होटल सरोवरमा पत्रकार सम्मेलन गर्दै डा. सिंहले आफ्नो धारणा सार्वजनिक गरेका हुन् । समृद्धि विकास र भ्रष्टाचार मुक्त देश निर्माणको लागि वर्तमान सरकारले निरन्तरता पाउनु पर्ने भन्दै सांसद सिंहले बालेन नेतृत्वको सरकारलाई असफल हुने छुट नभएको बताए।

आउने छठ पर्वपछि कार्तिक ३० गतेदेखि माघ १ गतेसम्म दुईमहिने मेची महाकाली पदयात्रा गर्ने घोषणा गरेका डा. सिंहले राष्ट्रिय एकताका लागि आफूले पदयात्रा गर्ने तया गरेको प्रष्ट पारे। 'मुलुकमा जाति, धर्म, सम्प्रदाय, मधेशी–पहाडीको नाममा कुनै हिंसा नहोस, अव कुनै नेपाली बाबु आमाले आन्दोलनको नाममा आफ्नो सन्तति गुमाउन नपरोस्,' उनले भने । आफू गान्धीवादी भएको र लोकतन्त्रको सुन्दर पक्ष पनि अहिंसा नै रहेको चर्चा गर्दै उनले मधेशका जनप्रतिनिधिमध्ये अनुभव र शिक्षाको हिसाबले पनि आफू सबैभन्दा अनुभवी रहेको कारण, मधेशलाई सुशासनको अनुभूति दिलाउने जिम्मेवारी पनि आफ्नो काँधमा आएको बताए।


● वर्ष ४ ● अंक ३०० ● २०८३ साल असोज २० गते मंगलबार ● Tuesday 06, October 2026 ● सूर्योदय: बिहान ०५:५० बजे ● सूर्यास्त: साँझ ०५:३७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-


## १५१ मिटरको चुनरी यात्रा

वीरगंजः घटस्थापनाका अवसरमा वीरगंजमा गहवा माईको १ सय ५१ मिटर लामो विशाल चुनरी यात्रा हुने भएको छ। विश्व हिन्दु परिषद् नेपाल, वीरगंज महानगरको आयोजनामा हुने चुनरी यात्रा असोज २५ गते आइतबार दिउँसो २ बजे गहवा माई मन्दिर परिसरबाट सुरु हुनेछ। आयोजकका अनुसार नगर परिक्रमापछि यात्रा पुनः गहवा माई मन्दिर परिसरमै पुगेर समापन हुनेछ। धार्मिक तथा सांस्कृतिक महत्व बोकेको कार्यक्रममा श्रद्धालु भक्तजनको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ।

## २० वर्षीया विवाहित मृत फेला

जनकपुरधामः जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरमा २० वर्षीया विवाहित महिला घरमै मृत फेला परेकी छन्। कपिलेश्वरकी प्रियंका दास आइतबार साँझ सुत्ने कोठामा मृत फेला परेकी हुन्। परिवारका अनुसार उनलाई सिलिङ पंखामा सलको पासो लगाएको अवस्थामा देखिएको थियो। स्थानीयले प्रियंकाको मृत्यु आत्महत्या नभई हत्या भएको आशंका गर्दै घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका छन्। प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अनुसन्धानका लागि मृतककी श्रीमान् विनोदलाई प्रहरीले नियन्त्रणमा लिइएको बताए।

## दूधमती नदीमा महाआरती

जनकपुरधामः धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–५, दूधमती अर्जनवासस्थित दूधमती नदीको किनारमा दूधमती महाआरती सुरु गरिएको छ। मिथिलाको धार्मिक तथा सांस्कृतिक महत्व बोकेको दूधमती नदीको उद्गमस्थल संरक्षण तथा धार्मिक पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले आइतबारदेखि महाआरती सुरु गरिएको हो। 'छाता इनिसिएटिभ' संस्थाको अग्रसरतामा सुरु गरिएको महाआरतीमा पहिलो दिन हजारौँ स्थानीय श्रद्धालुको सहभागिता थियो। महाआरतीमा साधु–सन्त तथा धार्मिक अभियन्तासमेत सहभागी भएका थिए। महाआरतीको अगुवाइ गरिरहेका स्थानीय युवा अमरेन्द्र यादवका अनुसार दूधमतीमा महाआरती सुरु गर्नुको मुख्य उद्देश्य धार्मिक गतिविधिसँगै नदी संरक्षण अभियानलाई अघि बढाउनु हो।

## एउटै महसुलमा दोहोरो जरिवाना:

# वीरगंज विद्युत् वितरण केन्द्रको बिलिङ्मा गम्भीर खेल !







**मधेशदृष्टि**
**वीरगंज।**
विद्युत् महसुल समयमा नबुझाएको भन्दै जरिवाना असुल्ने अधिकार पाएको नेपाल विद्युत् प्राधिकरणको वीरगंज वितरण केन्द्रमाथि एउटै महसुलमा पटक–पटक जरिवाना असुली गरेको आरोप लागेको छ। महसुल बक्यौता तिर्न नसक्ने सर्वसाधारणलाई नियमको डण्डा देखाउने प्राधिकरणले एकपटक जरिवानासहित आंशिक रकम बुझाएपछि बाँकी रकममा पुनः २५ प्रतिशतसम्म थप दस्तुर लगाउने गरेको सेवाग्राहीको गुनासो छ।

सेवाग्राहीका अनुसार प्राधिकरणले बिलमा देखिएको मूल महसुल र त्यसमा लागिसकेको जरिवानासहितको रकमबाट केही रकम भुक्तानी गरेपछि बाँकी रहेको रकमलाई फेरि नयाँ बक्यौताका रूपमा गणना गर्दै त्यसमा समेत थप दस्तुर लगाउने गरेको पाइएको हो। यसले एउटै विद्युत् महसुलमा दोहोरो जरिवाना असुली भइरहेको प्रश्न उठेको छ।

यस्तो अभ्यासले आर्थिक रूपमा कमजोर तथा विद्युत् महसुलसम्बन्धी प्राविधिक नियम नबुझेका उपभोक्तालाई थप आर्थिक भारमा पार्नुका साथै प्राधिकरणको बिलिङ प्रणालीप्रति गम्भीर प्रश्न खडा गरेको छ। एक सेवाग्राहीको बिल यसैको उदाहरण बनेको छ। ती सेवाग्राहीका अनुसार गत असार महिनामा मूल विद्युत् महसुल करिब ६५ हजार रुपैयाँ थियो । ढिलाइका कारण २५ प्रतिशत थप दस्तुरसमेत जोडिँदा कुल रकम करिब ८० हजार रुपैयाँ पुगेको थियो। त्यसमध्ये उनले ३० हजार रुपैयाँ भुक्तानी गरे।

३० हजार रुपैयाँ भुक्तानी गरेपछि करिब ५० हजार रुपैयाँ बक्यौता बाँकी रह्यो। त्यसपछि आएका साउन, भदौ र असोज महिनाका बिलमा क्रमशः २५ प्रतिशत, १० प्रतिशत र जरिवाना लागेको रकम देखिएको सेवाग्राहीको भनाइ छ। नयाँ महिनाको महसुलमा नियमानुसार थप दस्तुर लाग्नु एउटा विषय भएपनि अघिल्लो बिलमा पहिले नै २५ प्रतिशत थप दस्तुर लागिसकेको अवस्थामा बाँकी रहेको रकममा पुनः २५ प्रतिशत थपिनु आपत्तिजनक रहेको उनको गुनासो छ।

***'एकपटक २५ प्रतिशत जरिवाना जोडिएको महसुलबाट ३० हजार रुपैयाँ तिरिसकेपछि बाँकी रकममा फेरि २५ प्रतिशत जोडिएको देखियो,' सेवाग्राहीले भने, 'एउटै महसुलमा दुईपटक जरिवाना लगाएर सर्वसाधारणबाट रकम असुल्नु न्यायोचित कसरी हुन्छ ?'***

नेपाल विद्युत् प्राधिकरणको विद्युत् महसुल संकलन विनियमावली, २०७८ मा समयमै महसुल नतिर्ने ग्राहकका लागि मिटर रिडिङको अवधिअनुसार थप दस्तुरको व्यवस्था गरिएको छ। सामान्य ग्राहकका लागि १६औँदेखि ३०औँ दिनसम्म ५ प्रतिशत, ३१औँदेखि ४०औँ दिनसम्म १० प्रतिशत र ४१औँ दिनदेखि २५ प्रतिशत थप दस्तुर लाग्ने व्यवस्था प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। साथै ६०औँ दिनसम्म महसुल नबुझाएमा बिना सूचना विद्युत् लाइन काट्न सकिने व्यवस्था रहेको छ।

अर्थात् ढिलो भएको अवधिअनुसार थप दस्तुर बढ्ने व्यवस्था भएपनि एउटै बिलको आंशिक रकम तिरेपछि बाँकी रकममा फेरि कुन आधारमा नयाँ २५ प्रतिशत थप दस्तुर गणना हुन्छ भन्ने विषयमा स्पष्टता आवश्यक देखिन्छ। प्राधिकरणले सार्वजनिक रूपमा २५ प्रतिशत थप दस्तुर लाग्ने व्यवस्था उल्लेख गरे पनि आंशिक भुक्तानीपछिको बाँकी रकममा सोही प्रकृतिको थप दस्तुर पुनः कसरी गणना हुन्छ भन्नेबारे सेवाग्राहीलाई स्पष्ट जानकारी उपलब्ध गराउनुपर्ने देखिन्छ।

यही विषयमा वीरगंज वितरण केन्द्रका प्रमुख इन्जिनियर विजयकुमार महतोसँग प्रतिक्रिया माग्दा उनले सम्बन्धित विद्युत् बिल लिएर कार्यालयमा आएर बुझ्न आग्रह गरे। दोहोरो जरिवाना असुलीको विषयमा तत्काल स्पष्ट जवाफ दिनुभन्दा बिल हेरेर मात्र यकिन गर्न सकिने उनको भनाइ थियो।

यसले पनि बिलिङ प्रणाली र थप दस्तुर गणनाको पारदर्शितामाथि प्रश्न उठाएको छ। यदि एउटै महसुलमा दोहोरो जरिवाना लागेको हो भने त्यसको आधार, गणना विधि र जिम्मेवार पक्षबारे प्राधिकरणले सार्वजनिक रूपमा स्पष्ट पार्नुपर्ने देखिन्छ। अर्कोतर्फ सफ्टवेयरले स्वचालित रूपमा रकम गणना गरेको हो भने सफ्टवेयरमा प्रयोग गरिएको नियम तथा सूत्रसमेत सार्वजनिक हुनुपर्ने सेवाग्राहीको माग छ।

**सर्वसाधारणमाथि कडाइ, उद्योगमा किन फरक व्यवहार ?**

वीरगंज वितरण केन्द्रको अर्को विवादित अभ्यास विद्युत् लाइन काट्ने विषयमा पनि सेवाग्राहीले प्रश्न उठाएका छन्। लामो समयसम्म महसुल नतिरेका ग्राहकको लाइन काट्नु प्राधिकरणको अधिकारभित्र पर्न सक्छ । तर सेवाग्राहीको गुनासो भने प्राधिकरणका कर्मचारीले बक्यौता रकमको निश्चित सीमा नपुग्दै समेत घरघरमा पुगेर लाइन काट्ने र कतिपय अवस्थामा धम्कीपूर्ण व्यवहार गर्ने गरेको छ।

विनियमावलीमा मिटर रिडिङ भएको ६०औँ दिनसम्म पनि महसुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा लाइन काट्न सकिने व्यवस्था रहेको छ। यसको अर्थ ६० दिन पूरा भएपछि मात्र लाइन काट्न पाइने नभई तोकिएको प्रक्रियाअनुसार बक्यौता असुलीका लागि लाइन विच्छेद गर्न सकिने हो। तर यही कडाइ उद्योग तथा ठूला ग्राहकको हकमा समान रूपमा लागू हुन्छ कि हुँदैन भन्ने प्रश्न पनि उठेको छ । वीरगंज औद्योगिक करिडोरका कतिपय उद्योगमा ठूलो रकम विद्युत् महसुल बक्यौता रहेको दाबी भइरहँदा सर्वसाधारणको घरमा भने तत्काल लाइन काट्ने गरिएको सेवाग्राहीको आरोप छ।

यद्यपि उद्योगको बक्यौता र सर्वसाधारण ग्राहकको बक्यौताको अवस्था एउटै नभएको हुन सक्छ । प्राधिकरणले औद्योगिक ग्राहकका लागि किस्ताबन्दी लगायतका छुट्टै व्यवस्थासमेत गर्न सक्ने भएकाले दुई

*बाँकी पृष्ठ ३ मा*

## अख्तियारमा स्थानीय तहका मात्रै ७,३७० उजुरी ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३६औँ वार्षिक प्रतिवेदनअनुसार ४० हजार ८ सय ४२ उजुरीमध्ये मधेश प्रदेशसँग सम्बन्धित १० हजार ७ सय ४६ वटा उजुरी दर्ता भएका छन् । यो कुल उजुरीको २६ दशमलव ३१ प्रतिशत हो।

प्रदेशगत रूपमा मधेशमा बागमतीपछि सबैभन्दा बढी उजुरी परेको हो । मधेशका उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या सबैभन्दा धेरै छ। कुल १० हजार ७४६ उजुरीमध्ये ७ हजार ३७० वटा अर्थात् ६८ दशमलव ५८ प्रतिशत स्थानीय तहसँग सम्बन्धित छन्। प्रदेश सरकारसँग सम्बन्धित १ हजार ४७५ र संघसँग सम्बन्धित १ हजार ९०१ वटा उजुरी दर्ता भएका छन्।

आयोगका अनुसार प्रदेश सरकारसँग सम्बन्धित कुल ५ हजार ३०५ उजुरीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरी मात्रै १ हजार ४ सय ७५ अर्थात् २७ दशमलव ८० प्रतिशत छन् । मधेश प्रदेश सरकारसँग सम्बन्धित उजुरीमध्ये भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै ३ सय ४५ वटा छन् । यो प्रदेश सरकारसम्बन्धी उजुरीको २३ दशमलव ३९ प्रतिशत हो । वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी भने सबैभन्दा कम १ सय १ वटा अर्थात् ६ दशमलव ८५ प्रतिशत छन्।

स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्यामा पनि मधेश प्रदेश अगाडि छ। देशभरका स्थानीय तहसँग सम्बन्धित कुल उजुरीमध्ये मधेशका स्थानीय तहसँग सम्बन्धित ७ हजार ३ सय ७० वटा अर्थात् ३६ दशमलव ८० प्रतिशत उजुरी रहेका छन्।

पालिकागत रूपमा हेर्दा देशभर धेरै उजुरी परेका पालिकामध्ये काठमाडौं महानगरपालिका ४ सय ४१ र पोखरा महानगरपालिका ३ सय ७२ उजुरीसहित पहिलो र दोस्रो स्थानमा छन् । त्यसपछि विदेह नगरपालिका २ सय ४५, पर्साको छिपहरमाई गाउँपालिका २ सय ४५, जनकपुरधाम उपमहानगरपालिका २ सय २, सिरहा नगरपालिका १ सय ७५, जितपुरसिमरा उपमहानगरपालिका १ सय ६९, बाराको सुवर्ण गाउँपालिका १ सय ६६, वीरगंज महानगरपालिका १ सय ५२ र बाराको पचरौता नगरपालिका १ सय ४८ उजुरीसहित शीर्ष १० मा परेका छन्। काठमाडौँ र पोखराबाहेक शीर्ष १० मा परेका सबै पालिका मधेश प्रदेशका हुन्।

जिल्लागत रूपमा पनि मधेशका जिल्ला उजुरीको उच्च सूचीमा देखिएका छन्। देशभर सबैभन्दा बढी उजुरी काठमाडौँमा ८ हजार ५ सय २८ वटा दर्ता हुँदा धनुषा २ हजार १ सय १ उजुरीसहित दोस्रो स्थानमा छ। पर्सामा १ हजार ४ सय ४, महोत्तरीमा १ हजार ३ सय ९३, बारामा १ हजार ३ सय १८, सप्तरीमा १ हजार २ सय ३, सिरहामा १ हजार १ सय ७६ र रौतहटमा १ हजार १ सय ४९ वटा उजुरी दर्ता भएका छन्। धेरै उजुरी पर्ने शीर्ष १० जिल्लामध्ये काठमाडौँ, रुपन्देही र कास्कीबाहेक सात जिल्ला मधेश प्रदेशका छन्।

आयोगको बर्दिवास कार्यालयअन्तर्गत मधेशका सर्लाही, महोत्तरी, धनुषा र सिरहासहित

*बाँकी पृष्ठ ३ मा*

## कांग्रेसको विधान संशोधन,

# २९७ सदस्यीय केन्द्रीय समिति बन्ने




**काठमाडौँ।**
नेपाली कांग्रेसको संशोधित विधान पारित भएको छ। पार्टीको १५औँ महाधिवेशनअन्तर्गत दोस्रो दिन आज खुलामञ्चमा भएको बन्दसत्रले महामन्त्री प्रदीप पौडेलले पेस गरेको संशोधित विधान पारित गरेको हो।

पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार संशोधित विधानमा केन्द्रीय कार्यसमिति २ सय ९७ सदस्यीय हुने व्यवस्था छ।

विधानअनुसार सभापति एक, वरिष्ठ उपसभापति एक र उपसभापति चार जना रहनेछन् । चार उपसभापतिमध्ये एक जना महिला अनिवार्य गरिएको छ । महामन्त्री तीन जना रहनेछन्, जसमा एक जना महिला अनिवार्य गरिएको छ । सहमहामन्त्री १५ जना रहनेछन्।

कोषाध्यक्ष केन्द्रीय सदस्यमध्येबाट एक जना मनोनीत हुनेछन्। केन्द्रीय सदस्यमा खुलातर्फ ४५, महिलातर्फ १५ तथा प्रत्येक प्रदेशबाट एक महिलासहित चार जना रहनेछन् । काठमाडौँ उपत्यकाबाट एक महिलासहित दुई जना रहने व्यवस्था गरिएको छ । दलिततर्फ पाँच महिलासहित १४, आदिवासी जनजातितर्फ आठ महिलासहित २०, खस आर्यतर्फ आठ महिलासहित १८ र मधेशीतर्फ पाँच महिलासहित १३ जना रहनेछन् । जनसम्पर्क समितिबाट दुई महिलासहित सात तथा पिछडिएको वर्गबाट तीन जना रहनेछन् । त्यस्तै, थारूतर्फ दुई महिलासहित छ, श्रमिकतर्फ एक महिलासहित तीन र पेसागत विज्ञतर्फ दुई महिलासहित सात जना रहनेछन्। सातै प्रदेशबाट ३५ वर्षमुनिका २१ जना युवा, अपाङ्गता भएका व्यक्तिबाट एक जना तथा प्रजातन्त्र सेनानीबाट तीन जना केन्द्रीय सदस्य रहनेछन्। यसका अतिरिक्त केन्द्रीय कार्यसमितिले ६६ जना सदस्य मनोनीत गर्ने व्यवस्था गरिएको छ।

सोमबार विधान पारित भए पनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने मङ्गलबारको बन्दसत्रले पारित गर्नेछ । मङ्गलबार बिहान १० बजेदेखि उम्मेदवारको मनोनयन हुने भएकाले विधान सोमबार नै पारित गरिएको पार्टीले जनाएको छ।

## सम्पादकीय

# देउवा पक्षरहित कांग्रेसको महाधिवेशनको रौनक

काठमाडौँमा जारी नेपाली कांग्रेसको महाधिवेशन केवल एउटा सांगठनिक औपचारिकता वा नेतृत्व चयनको प्रक्रियामा मात्र सीमित छैन, यो मुलुकको विद्यमान राजनीतिक शक्ति सन्तुलन र प्रमुख प्रतिपक्षी दलको हैसियत परीक्षण गर्ने एउटा महत्वपूर्ण मोड पनि हो। संसद् र सडक दुवैतर्फ प्रतिपक्षी भूमिकालाई प्रभावकारी बनाउनुपर्ने चौतर्फी चुनौतीका बीच सम्पन्न भइरहेको यो महाधिवेशनले कांग्रेस अझै पनि मुलुकको लोकतान्त्रिक अभ्यासको मियो हो भन्ने सन्देश दिन खोजेको छ। देशैभरिबाट काठमाडौँमा उत्रिएका हजारौँ प्रतिनिधिहरूको उत्साह र सांगठनिक सघनताले कांग्रेसलाई प्रमुख प्रतिपक्षी दलका रूपमा पुनर्जीवित र सबल बनाउन खोजेको स्पष्ट सङ्केत गर्छ।

तथापि, महाधिवेशनको बन्दसत्र र आन्तरिक गुटबन्दीले भने पार्टीभित्रको तीतो यथार्थलाई छताछुल्ल पारेको छ। विशेष गरी निवर्तमान सभापति शेरबहादुर देउवा समूहबाट आउने गरेका शक्ति प्रदर्शन, धाकधम्की र असन्तुष्ट पक्षलाई पन्छाउने घुर्कीहरूले पार्टीको आन्तरिक लोकतन्त्रमाथि नै प्रश्नचिह्न खडा गरेका छन्। लामो समयदेखि पार्टीको सत्ता र साधनमाथि पकड जमाउँदै आएको संस्थापन पक्षको यस्तो रवैयाले तल्लो तहका निष्ठावान् कार्यकर्ताहरूमा निराशा र आक्रोश सिर्जना गर्नु स्वाभाविक हो। गुटगत स्वार्थ र एकाधिकारवादी प्रवृत्तिले पार्टीलाई बलियो बनाउनुको साटो झन् कमजोर र विभाजित बनाउने जोखिम सधैँ रहन्छ।

प्रतिपक्षी भूमिकामा कांग्रेस बलियो हुनु भनेको सत्ताको ताबेदारी वा आन्तरिक झगडामै अल्झिनु होइन, बरु जनजीविकाका सवाल र सरकारका गल्ती–कमजोरीविरुद्ध प्रखर रूपमा प्रस्तुत हुनु हो। काठमाडौँ महाधिवेशनबाट सम्प्रेषित सन्देशले एकातिर पार्टीभित्र पुनर्जागरणको आशा जगाएको छ भने अर्कोतिर कांग्रेसले आफूलाई उत्तरदायी र सशक्त प्रतिपक्षीका रूपमा उभ्याउनुपर्ने आवश्यकतालाई जोड दिएको छ। यदि महाधिवेशनले केवल अनुहार परिवर्तन गर्ने तर विचार र नीतिको स्पष्ट खाका कोर्न सकेन भने प्रतिपक्षीका रूपमा कांग्रेसको उपस्थिति नाममात्रको हुनेछ। त्यसैले पार्टीलाई वैचारिक रूपमा स्पष्ट र जनउत्तरदायी बनाउनु नै अहिलेको प्राथमिक दायित्व हो।

देउवा पक्षको दबाब र धम्कीका बाबजुद पनि कांग्रेसका आम प्रतिनिधिहरूले देखाएको परिपक्वताले पार्टीलाई सबल र एक ढिक्का बनाउने सम्भावना अझै मरेको छैन भन्ने पुष्टि गर्छ। महाधिवेशन केवल जित र हारको खेल नभई आन्तरिक असहमतिहरूलाई मन्थन गरेर साझा निष्कर्षमा पुग्ने थलो हो। संस्थापन पक्षले दम्भ त्यागेर इतर पक्षलाई मिलाएर लैजाने र इतर पक्षले पनि भागबन्डाभन्दा नीतिगत सुधारमा जोड दिने हो भने मात्र कांग्रेस साँच्चै एकताबद्ध हुन सक्छ। नेतृत्वले धम्की र दबाबको राजनीति छाडेर विचार र सहकार्यको बाटो रोज्नु नै एकीकृत कांग्रेस निर्माणको पूर्वसर्त हो।

अन्ततः, काठमाडौँ महाधिवेशनले नेपाली कांग्रेसलाई विगतका गल्तीबाट पाठ सिक्दै भविष्यको दिशा तय गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। शेरबहादुर देउवा समूह वा अन्य कुनै पनि गुटको एकाधिकारवादी प्रवृत्तिलाई परास्त गर्दै पार्टीलाई गुटमुक्त, नीतिप्रधान र जनमुखी बनाउनु आजको मुख्य आवश्यकता हो। गुटगत धम्की र असन्तुष्टिलाई चिर्दै यदि कांग्रेस एक ढिक्का भएर अगाडि बढ्न सक्यो भने मात्र यसले प्रमुख प्रतिपक्षीको भूमिका कुशलतापूर्वक निभाउन सक्नेछ। महाधिवेशनले सत्ता ताक्ने खेलभन्दा माथि उठेर लोकतन्त्रको रक्षा र जनसेवाको सङ्कल्प लिन सक्यो भने मात्र यो सम्मेलन सार्थक सिद्ध हुनेछ।

# दुई कास्य पदकमा रोकिएको नेपालको नागोया यात्रा

–राजु सिलवाल

जापानको नागोयामा आयोजित बीसौँ एसियाली खेलकुद एसियाडमा नेपालले हासिल गरेको परिणाम र नेपालका खेल अधिकारीहरुले गरेको अपेक्षामा ठूलो ठेस लागेको छ। राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको 'मिसन २०२६' को लक्ष्य अनुसार नेपाली खेल टोली एसियाडमा प्रतिस्पर्धाका लागि प्रस्थान गर्दा यसपटक नेपालले विगतको भन्दा ठूलो उपलब्धि हासिल गर्ने पूर्वअनुमान गरिएको थियो। नेपालले एसियाडमा ७५ वर्ष लामो सहभागितामा पहिलोपटक स्वर्ण र दोहोरो अङ्कमा पदक जित्ने पूर्वउद्घोष दुई कास्य पदकमा सीमित हुन पुगेको छ। नेपाली खेल टोलीले धेरै पदकको सपना देखे पनि लक्ष्य, तयारी तथा खेलाडीहरुको स्तरबीच तालमेल हुन नसकेको स्पष्ट देखियो। खेल अधिकारीहरुले पदकको आशा गरेका खेलाडीहरु समेत सफलता हात पार्न नसकेर खाली हात फर्कनु परेपछि नागोयाको सहभागिताबारे गम्भीर प्रश्न उठेको छ।

**तेन्जिङको आरोहण**

विश्व मानचित्रमा मुलुकको नाम जाज्वल्यमान गराउने काममा हिमाल आरोही शेर्पाहरुको महत्वपूर्ण भूमिका रहँदै आएको छ। यसपालि एसियाडमा पनि एक शेर्पा खेलाडीले पहिलोपटक पदक जितेर पदक तालिकामा नेपालको नाम आरोहण गराउनु कम चुनौतीपूर्ण थिएन। नागोयामा सहभागी भएका नेपाली कराँते खेलाडीहरुमध्ये तेन्जिङ शेर्पा मुलुकलाई पहिलो कास्य पदक दिलाउने भाग्यमानी बन्न पुगेका थिए। पहिलो खेलमै मकाउका प्रतिस्पर्धीले चारपटक गल्ती गर्दै अयोग्य घोषित भएपछि तेन्जिङले सोझै सेमी फाइनलमा पुग्ने अवसर पाएका थिए। पदक प्राप्तिको अत्यधिक अपेक्षा गरिएको कराँते खेलतर्फ चौथो दिनसम्म कुनै खेलाडीले पनि सफलता नपाइरहेको बेला शेर्पाले एक कास्य पदक पाएर मुलुकको इज्जत जोगाएका छन्।

कुमुते तथा कातामा सहभागी अन्य सात सहकर्मी पराजित भएर मैदानबाट बाहिर सकेको अवस्थामा कराँते खेलको अन्तिम दिन तेन्जिङ इरानी खेलाडीसँग सेमी फाइनलमा हारे पनि तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा लाओसका खेलाडीलाई विशाल अङ्कको अन्तरले हराएर कास्य पदकको हकदार बन्न पुगेका थिए। मुलुकमा बाढी र पहिरोको समस्याले सबै शोकमा रहेका बेला आफूले अलिकति भए पनि खुसीको सञ्चार गराउन सकेकामा पदक विजेता तेन्जिङले सन्तोष व्यक्त गरेका छन्। स्वदेश फर्केपछि विमानस्थलमा उनले आफूले जितेको पदक जन्मदाता आमालाई लगाएर सम्मानित गरेको क्षण अनुकरणीय मान्न सकिन्छ।

अर्को पदक पनि आमालाई

तीन वर्षअघि चीनमा तथा यसपालि गरी एसियाडमा लगातार दुईपटक कास्य पदक जितेको नेपाली महिला कबड्डी टिमका सदस्यहरुले आफूले हासिल गरेको पदक पनि आमाप्रति समर्पित गरेर मातृभक्ति दर्साएका छन्। नेपालको दुई पटकको विजयमा महत्वपूर्ण भूमिका खेलेकी कबड्डी प्रशिक्षक पार्वती राईलाई खेलाडीहरुले आमा सम्बोधन गर्दै सबै पदक लगाएर सम्मान गरेको क्षण अत्यन्त गर्विलो थियो। नागोयामा विभिन्न खेलमा दिनहुँजसो नेपाली खेलाडीहरुको निरासाजनक नतिजा आइरहेको बेला मनमती विष्टको नेतृत्वमा रहेको नेपाली महिला कबड्डी टिमले एसियाडमा दोस्रो पटक कास्य पदक जितेर इतिहास कायम गर्न सफल भएको थियो। थाइल्याण्ड र श्रीलङ्कालाई दबाब दिँदै हराउन सफल नेपाली टिम चाइनिज ताइपेइसँग भने पराजित हुन पुगेको थियो।

सेमीफाइनलमा नेपाली टिम भारतसँग पराजित भई कास्य पदकमा सीमित हुन पुगे पनि नेपाली महिला कबड्डीमा नेपालले आगामी दिनमा थप सफलता प्राप्त गर्न सक्ने सङ्केत देखिएको छ। महिला कबड्डीमा भारतीय टिम तुलनात्मक रुपमा अन्य टिमभन्दा बलियो मानिएको छ। नेपाली टिम भारतसँग पराजित भएको यो पहिलो पटक थिएन। अघिल्लो एसियाडमा पनि नेपाल सेमीफाइनलमा भारतसँगै हारेको थियो। १३औँ दक्षिण एसियालीखेलकुदको महिला कबड्डी फाइनलमा पनि नेपाल भारतसँग पराजित भई रजत पदकमा सीमित भएको थियो।

यस्तै, एसियालीमहिला कबड्डी च्यापियनसीपमा पनि नेपाल भारतसँग पराजित हुँदै कास्य पदक लिएर स्वदेश फर्केको थियो। अब आउने प्रतिस्पर्धाहरुमा पुरानो प्रतिद्वन्द्वी टिमलाई परास्त गर्नसक्ने गरी महिला कबड्डी टिमलाई सक्षम बनाउन सम्बन्धित पक्षले यथोचित कदम चाल्नुपर्ने जरुरी देखिन्छ। यसका लागि सबैभन्दा पहिले कबड्डीका लागि छुट्टै कभर्ड हलको आवश्यकता महसुस गरिएको छ। एसियाडमा नेपालको महिला टिमको तुलनामा पुरुष कबड्डी टिम भने कमजोर देखिएको थियो। समूह चरणको अन्तिम खेलमा नेपाली पुरुष कबड्डी टिमले मलेसियालाई हराउँदै सान्त्वना जित हात पारे पनि अघिल्लो तीनै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको थियो। एसियाडको अनुभव भोलि आउने प्रतिस्पर्धाका लागि उपयोगी हुने कुरामा सहमत हुन सकिन्छ।

**आशा गरिएकाहरु चुकेपछि**

कराँतेमा नेपालका तीन खेलाडी कास्य पदकको भिडन्त अवधिसम्म र अन्य चार जना प्रारम्भिक चरणमा बाहिरिनु दुर्भाग्य रह्यो। एसियाडमा स्वर्ण पदकको अपेक्षा गरिएकी कराते खेलाडी एरिका गुरुङ भिडन्तमा दुई सेकेण्ड टिक्न नसक्दा रित्तो हात फर्कनु प¥यो। अघिल्लो एसियाडमा रजत पदक जितेपछि लगातार विभिन्न वैदेशिक प्रतियोगितामा पदक जित्न सफल एरिका करिब तीन वर्षको प्रशिक्षणपछि उच्च मनोबलका साथ जापान गएकी थिइन्। उनले क्रमिक रुपमा हासिल गर्दै गएको सफलताको कारण उनीप्रति स्वर्ण पदकको अपेक्षा गरिएको थियो। उनलाई जित्नै पर्ने मनोवैज्ञानिक दबाब पनि थियो। पहिलो खेलमै जोर्डनकी यारा नासेरलाई एक अङ्कका विरुद्ध सात अङ्कको फराकिलो अन्तरले पराजित गरेर उनले राम्रो सम्भावनाको सङ्केत देखाएकी थिइन तर दुर्भाग्य सेमीफाइनलको भिडन्त एरिकालाई विगतमा तीनपटक पराजित गरिसकेकी काजाकिस्तानकी सोफ्या बेरुत्सेभासँग हुन पुग्यो। उनीसँग एरिका पराजित हुन पुगिन्। गत एसियाडमा पनि एरिका उनैसँग हारेकी थिइन्। त्यसपछि दुई पटक प्रिमियर लिग फाइनलमा पनि उनैको जित भएको थियो। रिपिचेजबाट कास्य पदक जित्ने सम्भावना भए पनि एरिका साउदी अरेबियाकी खेलाडीसँग हारेपछि नेपालको पदकको सम्भावना गुमेको थियो।

कराँते खेलाडी मीनबहादुर तामाङ हङ्कङ तथा ताजिकिस्तानका खेलाडीलाई हराउँदै सेमीफाइनलमा पुगेर पदकको सम्भावित दाबेदारका रुपमा प्रस्तुत गरेका थिए। तर उनी सेमीफाइनलमा कुवेत तथा कास्य पदकका लागि भएको खेलमा साउदी अरेबियाका खेलाडीसँग पराजित भएपछि पदकको सम्भावना रहेन। पहिलो चरणमा बाई पाएका राकेश मानन्धरले थाइल्याण्डका खेलाडीलाई भारी अङ्कको अन्तरले हराई क्वाटरफाइनल खेल जितेका थिए तर उनि सेमीफाइनलमा उज्वेकिस्तान र कास्य पदकका लागि भएको खेलमा मलेसियाका खेलाडीसँग हारेका थिए। निरुपा डोङ तामाङ प्रारम्भिक चरणमै हङ्कङकी खेलाडीसँग पराजित भएर बाहिरिएकी थिइन्। व्यक्तिगत कातामा सानुमाया थिङ दक्षिण कोरियाकी खेलाडीसँग पराजित भएर राउण्ड अफ १६ बाट बाहिरिएकी थिइन्। नेपाली महिला काता टिम पनि पदक हासिल गर्नबाट बञ्चित हुन पुगेपछि कराँतेमा थप पदक आउने सम्भावनाको अन्त्य भएको थियो।

बक्सिङ खेलाडी चन्द्रबहादुर थापालाई पनि एसियाडमा स्वर्ण पदकको दाबेदारका रुपमै हेरिएको थियो। वल्ड बक्सिङ च्याम्पियनसीपमा कास्य पदक जितेर नेपाली खेलाडीहरुमध्ये हालसम्मकै सर्वाधिक ७५ हजार डलर पुरस्कार पाएका खेलाडी थापासहित अन्य नेपाली पुरुष तथा महिला बक्सिङ खेलाडी पराजित भएपछि बक्सिङको सम्भावना पनि गुम्न पुगेको थियो। बक्सिङमा केही खेलाडी प्रारम्भिक तथा दोस्रो चरणसम्म पुगेका थिए। पदकको अपेक्षा गरिएको उसु खेलमा कुनै पनि नेपाली खेलाडीको उल्लेखनीय प्रदर्शन हुन सकेन। दोस्रो पटक एसियाडमा भाग लिएको नेपाली महिला भलिबल टिमले नागोयामा सहभागीहरुमध्ये १२औँ स्थान प्राप्त ग¥यो। नेपालले खेलेका कूल पाँच खेलमध्ये चार खेलमा हारेको थियो भने एक खेल जितेको थियो। नेपाल जापान, हङकङ, इण्डोनेशिया र मङ्गोलियासँग लगातर सोझो सेटले पराजित भएको थियो भने नेपालले कीर्गिस्तानलाई लगातार सोझो सेटमा हराएको थियो। जुडोमा पनि चार खेलाडी पहिलो चरणमै बाहिरिएका थिए। टेनिस डबल्समा नेपाली खेलाडी दोस्रो चरणसम्म पुगेका थिए।

सफ्ट टेनिसको मिक्स्ड डबल्समा नेपाल पहिलो खेलमा चाइनिज ताइपेइसँग हारे पनि दोस्रो मङ्गोलियालाई हराई समूहको उपविजेता बनेर अन्तिम १६ मा प्रवेश गरेको थियो तर त्यसपछि अघि बढ्न असफल भई नेपाल प्रतियोगिताबाट बाहिरिएको थियो। टेबुलटेनिसको मिक्स डबल्समा नेपालले पाकिस्तानलाई लगातार सोझो सेटले पराजित गर्दै दोस्रो चरणमा पुगे पनि हङ्कङसँग हारेपछि घर फर्कनुपरेको थियो। ब्याडमिण्टनको पुरुष सिंङ्गल्समा नेपालका क्षितिज खनाल पहिलो चरणमा विजय बने पनि दोस्रो चरणमा इरानका खेलाडीसँग हार्न पुगे। महिला सिङ्गल्सतर्फ रिहाना शेरचन दोस्रो चरणमा पुगे पनि श्रीलङ्काकी खेलाडीसँग पराजित भएपछि यात्रा टुङ्गिएको थियो।

नेपालले हालसम्म सबैभन्दा धेरै १४ वटा पदक ल्याएको ताइक्वाण्डो खेलमा पछिल्लो पटक सन् २००६ मा पदक प्राप्त भएको थियो। २० वर्षपछि पनि नेपालले पदक जित्न नसकी प्रारम्भिक चरणमै प्रतियोगिताबाट बाहिरिनु प¥यो। अन्य केही खेलमा पनि नेपाली खेलाडीले प्रारम्भिक चरणमा राम्रो प्रदर्शन गरेर सुखद् सङ्केत देखाए पनि अघिल्ला चरणमा बाहिरिनु नेपालका लागि दुर्भाग्य हुन गयो।

नेपालका आर्चरी खेलाडी सबै प्रतिस्पर्धाबाट बाहिरिएको थियो। एथलेटिक्स, साईक्लिङ, गल्फ, स्केट बोर्डिङ, स्क्वास, कुस्तीलगायतका खेलमा पनि नेपाली खेलाडीहरुको प्रदर्शन सन्तोषजनक हुन सकेन। एसियाडमा प्रतियोगिताहरु समाप्त हुँदै गइरहेको समयमा नेपाली खेलाडीले क्यानोइङमा पदकको सम्भावना देखाए पनि सफलता भने हात लागेन। नेपालका विजय माझीले उत्कृष्ट प्रदर्शन गर्दै पुरुष कायक सिंङ्गल स्लालोमको फाइनल चरणसम्म पुग्दै १०औँ स्थान हासिल गरेका थिए। अर्का खेलाडी आशिष रानामगर सेमी फाइनल र कायक क्रसमा क्वाटरफाइनलसम्म पुगेका थिए।

**रित्तो हात फर्कनु परेन**

नेपाली कराँते टिम एसियाडमा एक कास्य पदकमै सीमित भएता पनि जापानमै भएको ११औँ विश्व सितोरियो कराँते डो च्याम्पियनसीपमा छ वटा पदक जितेर उत्साहित हुँदै स्वदेश फर्कनु सुखद संयोग मानिएको छ। उक्त प्रतियोगितामा चर्चित नेपाली कराते खेलाडी एरिका गुरुङले स्वर्ण पदक जितेपछि एसियाडले बनाएको निरासा फेरि खुसीमा परिणत गर्न सफलता प्राप्त गरेकी थिइन।

त्यस्तै, राकेश मानन्धरले पनि स्वर्ण पदक जितेर जापानबाट पदक ल्याउन सपना पूरा गरेका थिए। सो प्रतियोगितामा नेपाली खेलाडी निरुपा डोङ तामाङले रजत पदक तथा मीनबहादुर तामाङले कास्य पदक पाएका थिए। नेपाली खेलाडीहरुले कुमितेतर्फ टिम प्रतिस्पर्धा तथा मेघा लिम्बु, सानुमाया थिङ र एलिशा रास्कोटी सम्मिलित काता टोलीले पाएको कास्य पदकबाट नेपाली कराँते टोलीलाई आगामी दिनमा अझ उत्साहका साथ प्रदर्शन गर्न ऊर्जा मिलेको महसुस गरिएको छ।

**नहार्दै बाहिरिदाको पिडा**

कुनै पनि खेलको निर्णय खेलपछि हुने जित वा हारले गर्ने गर्दछ तर एसियाडमा खेल्दै नखेली विश्व वरियतामा अगाडि रहेका देश अघिल्लो चरणमा जान पाउने नियमले क्रिकेटमा भर्खरै आफ्नो स्थान बनाउन प्रयास गरिरहेको नेपाल जस्तो मुलुकलाई समस्या परेको छ। एसियाडमा नेपाली क्रिकेट टोली कुनै खेलमा पराजित नभएता पनि प्रतियोगिताबाट बाहिरिनु परेकामा खेलाडीहरुका साथै नेपाल टोलीको हौसला बढाउन नागोयाको मैदानमै पुगेका खेलप्रेमीहरु निरास हुन पुगेका थिए।

नेपाल र श्रीलङ्काबीचको क्वाटरफाइनल वर्षाको कारण हुन नसकेर विश्व बरियताको आधारमा श्रीलङ्का सेमीफाइनलमा पुगेपछि नेपालको अघिल्लो यात्रा रोकिन पुग्यो। वर्षाको कारण प्रतियोगताका चारवटै क्वाटरफाइनल हुन सकेका थिएनन्। खेलको निर्धारित समयमा पानी परे अर्को दिन खेलाएर नतिजा निर्धारण गर्नु पर्दथ्यो। नेपालले पहिलो खेलमा १२ वर्षपछि अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो। जापानसँग भएको दोस्रो खेलमा पनि उत्कृष्ट खेल प्रदर्शन गरेको नेपाल समूह विजेताको रुपमा क्वाटरफाईनलमा प्रवेश गरेको थियो। टस नै नगरिएको अवस्थामा प्रतियोगिताबाट बाहिरिनु परेपछि नेपाललगायतका एसोसिएट मुलुकले यस्तो अव्यावहारिक नियम खारेज गर्नका लागि सम्बन्धित निकायमा आवाज उठाउन जरुरी भएको छ।

**धेरै खेलमा किन पदक आएन ?**

एसियाडमा भाग लिएका ४५ मुलुक तथा क्षेत्रका खेलाडीहरु पदक जित्ने लक्ष्यका साथ नै जापान गएका थिए। एसियालीमुलुकका तर्फबाट ओलम्पिक तथा विश्व च्याम्पियनसीपमा पदक जितेका कैयौँ खेलाडीले आ–आफ्नो मुलुकको प्रतिनिधित्व गरेका थिए। प्रतियोगितामा नेपाली खेलाडीहरुले आफ्नो क्षमता अनुसारको खेल प्रदर्शन गरे। अपेक्षा गरेअनुसार पदक ल्याउन नसक्नुमा खेलाडीहरुको मात्र दोष छैन। आफ्ना खेलाडीहरुको क्षमतालाई एसियाली खेलकुदको स्तरसम्म लैजान यथेष्ट प्रयास हुन सकेन।

नेपाली खेलकुद क्षेत्रमा संस्थागत विकास भएको सात दशकभन्दा बढी भैसकेको छ तर तल्लो तहदेखि नै खेलकुद क्षेत्रमा आवश्यकता अनुसार लगानी हुन सकेको छैन। सानै उमेरदेखि खेलाडीलाई खेल कौशल सिकाएर दीर्घकालीन रुपमा प्रतिभाशाली खेलाडीहरु उत्पादन गर्ने नियमित प्रशिक्षणको नभएसम्म नेपाल वैदेशिक मैदानमा पछि परिरहनु कुनै नौलो मानिदैन। अन्य राष्ट्रहरुसँग प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु तयार पार्न यथेष्ट लगानी नगरेसम्म पदक प्राप्त त्यति सहज छैन। यसपालि नेपालले २१ वटा खेलमा सहभागिता जनाउनु उचित थिएन। खेलाडीहरुको खेल प्रदर्शनको धरातलको आँकलननै नगरेर धेरै खेलमा प्रतिस्पर्धा गर्दा पराजय भोग्नु प¥यो। पदकको सम्भावना भएका खेलमा मात्र खेलाडी पठाइएको भए यस्तो स्थिति पक्कै आउँदैनथ्यो। विगतका प्रतियोगितामा प्रदर्शनको इतिहासका साथै पछिल्ला वर्षहरुमा स्वदेशी तथा वैदेशिक प्रतियोगितामा हासिल भएका उपलब्धिका आधारमा खेल चयन हुन सकेन।

खेल सङ्घहरुका पदाधिकारीहरुबीच आ–आफ्ना खेललाई जसरी पनि एसियालीखेलकुदमा समावेश गराउने होडमा अत्यधिक खेलमा भाग लिएको नतिजा मैदानमा निरासाजनक प्रदर्शनबाट देखियो। कतिपयले राष्ट्रिय खेलकुद परिषद् तथा सम्बन्धित खेलको उचित योजना तथा व्यवस्थापनको अभावलाई अर्को प्रमुख कारणको रुपमा लिएका छन्। यसमा सीमित बजेट, स्रोतको अस्थिरताको भूमिको साथै खेलाडीहरुको नियमित र दीर्घकालीन प्रशिक्षणको अभाव, अन्तरराष्ट्रिय प्रतियोगितामा अनुभवको कमी जस्ता कारणले पनि खेलाडीहरु उचित प्रदर्शन गर्नबाट चुकेको देखिन्छ।

नेपालको प्रतिनिधित्व गर्दै दुई सयभन्दा बढी सङ्ख्यामा खेल टोली जापान पुगेर पनि दुईवटा कास्य पदकमा चित्त बुझाउनु पर्ने स्थिति पक्कै सुखद होइन। दक्षिण एसियाकै मित्र राष्ट्र भुटानले जम्मा १३ जना मात्र खेलाडी पठाएको थियो। बाढी पहिरोको समस्यामा अल्झिरहेको नेपालबाट ठूलो टोलीलाई राज्यले गरेको लगानीबाट प्राप्त प्रतिफल सन्तोषजनक मान्न सकिँदैन।

**अबको बाटो**

जापानबाट नेपाली खेल अधिकारीहरु स्वदेश फर्केपछि एसियाडमा नेपालको पराजय किन भयो विस्तृत रुपमा समीक्षा गर्नु अत्यन्त जरुरी मानिएको छ। नेपाल कुन खेलमा के कस्ता कमजोरीले गर्दा पराजित हुनुप¥यो भन्नेबारे खेल प्रशिक्षक तथा खेलाडीहरुको अनुभवबाट पनि जानकारी लिनु पर्दछ। यस्तो समीक्षाबाट आएका निचोडलाई आगामी वैदेशिक प्रतियोगिताहरुमा सुधारका लागि प्रयोग गर्नसके विदेशी भूमिमा लज्जाजनक रुपमा पराजय भोग्नुपर्ने स्थिति रहँदैन। ओलम्पिक, एसियालीखेलकुद तथा दक्षिण एसियालीखेलकुदजस्ता आधिकारिक खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने अबको बाटो भनेको प्राथमिकताका खेलमा केन्द्रित लगानी गर्नु हो। यसका लागि प्रतिभा चयन गरेर योग्य प्रशिक्षकमार्फत उनीहरुलाई निश्चित अवधि तोकेर दीर्घकालीन प्रशिक्षण दिन ढिलो गर्नु हुन्न। खेल विज्ञानलाई प्रशिक्षणको मूल आधार बनाइनुपर्छ। खेलाडीहरुको नियमित प्रदर्शनको अवस्थाबारे सम्बन्धित निकायबाट निगरानी भइरहनु पर्ने आवश्यकता पनि देखिएको छ।

नागोयामा नेपालले प्राप्त गरेको परिणामलाई प्रतियोगिता भएको असफलताका रूपमा मात्र हेर्नुभन्दा समग्र रुपमा नेपाली खेलकुद प्रणालीको वर्तमान अवस्थाका रुपमा हेर्न सकिन्छ। अब छ महिनापछि नै पाकिस्तानमा हुने दक्षिण एसियाली खेलकुद, सन् २०२८ मा अमेरिकामा हुने ओलम्पिक तथा सन् २०३० मा कतारमा हुने एसियाडमा नेपालको पदक आउने आधार बनाउन सरकारले बृहत मिसनको नेतृत्व लिनुपर्ने हुन्छ। राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा सम्बन्धित खेल सङ्घ आपसी विवादमा नअल्मलिई वर्षैभरि बृहत खेलकुद प्रशिक्षण मिसन सञ्चालन गर्न एकैसाथ जुटनुपर्दछ। नागोया एसियाडमा नेपाली खेलाडीहरुले पदक प्राप्तिका लागि अनुभव गरेका कठिन बाटोलाई कसरी सहज बनाउन सकिन्छ त्यही नै अबको नेपाली खेलकुद जगत्को प्रमुख अभियान हुन सक्दछ। रासस

# 'विपद्ले भत्किएका बस्तीको सुरक्षित पुनःनिर्माण कति आवश्यक ?'

–प्रगति ढकाल÷रासस

रसुवाको भोटेकोशी क्षेत्रमा गत भदौ १० गते आएको बाढीले बस्ती र भौतिक संरचनामा ठूलो क्षति पुर्‍याएपछि अब पुनःनिर्माणका साथै विपद्सम्बन्धी जोखिमलाई ध्यानमा राखेर सुरक्षित र एकीकृत बस्ती निर्माण गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन्। बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँलगायत जिल्लाका १५ पालिकाका हजारौँ नागरिक प्रत्यक्ष प्रभावित भएका छन्।

टिमुरे, स्याफ्रुवेशी, खाल्टे, बेत्रावती, त्रिशूलीलगायत बजार तथा बस्ती भग्नावशेषमा परिणत भएका छन्। भोटेकोशी बाढीले नदी तटीय क्षेत्रमा घर मात्र होइन, जमिन नै बगाएको अवस्था छ। यस्तो अवस्थामा सरकारले बहुप्रकोप जोखिम क्षेत्रको पहिचान गर्नुका साथै उच्च जोखिमयुक्त क्षेत्रको सिमाना यकिन गरी त्यस्ता क्षेत्रमा भवन, सडक तथा अन्य पूर्वाधार निर्माण निरुत्साहन गर्ने पहल गरिरहेको छ। सरकारकारद्वारा विस्थापितलाई घरभाडा सुविधा, अस्थायी आवास व्यवस्थापनको काम भएको छ।

आज मात्रै सरकारले रसुवा भोटेकोशी बाढीपछिको खोज तथा उद्धार चरणलाई स्थगन गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले सो निर्णय गरेको हो। बैठकले अत्यावश्यक खोजसँगै पुनःनिर्माण र पुनःस्थापना कार्य तीव्र रूपमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ।

यसैगरी आजको बैठकले प्रभावित क्षेत्रको पुनःनिर्माण तथा पुनस्र्थापनाका लागि विभिन्न मन्त्रालय र निकायबाट प्राप्त ५०४ वटा योजना तथा कार्यक्रमका लागि पाँच खर्ब ५९ अर्ब १७ करोड ७२ लाख २७ हजार रुपैयाँ बराबरको बजेट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस पठाउने गरेको निर्णय गरेको छ।

अर्थमन्त्रालयका मानवीय मामिला सल्लाहकार विश्व बिजय पराजुलीले भोटेकोशी बाढी प्रभावित क्षेत्रका पुनःनिर्माण हुने बस्ती मात्रै नभई भविष्यमा पुननिर्माण हुने बस्ती कसरी सुरक्षित रूपमा बनाउने भन्ने विषयमा गम्भीर हुनुपर्ने बताउनुभयो। 'भवन निर्माणसम्बन्धी ऐनमा भएका व्यवस्था कार्यन्वयनमा समस्या देखिएको छ। ऐन कार्यन्वयन हुने भए मात्रै पनि विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ,' उहाँले भन्नुभयो, 'अब भोटेकोशी बाढी प्रभावित क्षेत्रका बासिन्दा सधैँ होल्डिङ सेन्टरमा बस्न सक्दैनन्। स्थानीय तहको पनि सक्रियतामा सुरक्षित बस्ती पुनःनिर्माण अगाडि बढाउन जरुरी छ।'

आज विश्व बसोबास दिवस। अब नयाँ बन्ने बस्तीका संरचना जलवायुमैत्री हुनुपर्ने र सुरक्षित बसोबासको सुनिश्चित हुनुपर्ने भन्ने सरोकार भएका निकायका प्रतिनिधिले जोड दिएका छन्। पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव पदमकुमार मैनालीले नेपालका बजारबस्तीले निरन्तर रूपमा बाढीपहिरो, डुबान, भूकम्प, आगजनीलगायत सङ्कट झेलिरहेका भन्दै अब बस्ती तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा विपद्मैत्री हुनुपर्ने बताउनुभयो।

'कतिपय स्थानमा आवाससम्बन्धी मापदण्ड पालना नगरेकै कारण विपद्बाट बस्ती सुरक्षित छैनन्। अब निर्माण गरिने नयाँ बस्तीलाई कसरी सुरक्षित बनाउने भनेर सरकारले बनाएको मापदण्ड स्थानीय समुदायले परिपालना गर्न आवश्यक छ,' उहाँले भन्नुभयो।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक दिलिप भण्डारीले भाटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरक्षित र सुलभ आवास निर्माणका लागि तीनै तहका सरकारबीच समन्वय आवश्यक रहेकामा जोड दिनुभयो। विभागका उपमहानिर्देशक रविन्द्र बोहोराले बाढीका कारण सात हजार ५०० भन्दाबढी आवासमा क्षति पुगेको जनाउँदै सुरक्षित स्थानमा पुनःनिर्माणका लागि बस्ती विकासका नीति बनाइनुपर्नेमा जोड दिनुभयो।

विभागका उपमहानिर्देशक लिला खतिवडाले सुलभ आवास र सुरक्षित तथा व्यवस्थित बसोबास पद्दतिका विभिन्न आयाम, विपद्पछिको पुनःनिर्माण र पुर्नउत्थानका विभिन्न आयाम र अन्तरराष्ट्रिय अभ्यास तथा तीनै तहका सरकार र विभिन्न सङ्घसंस्थाको प्रभावकारी समन्वका लागि छलफल भइरहेको जानकारी दिनुभयो।

'व्यवस्थित र सुरक्षित बस्ती विकासको यो बहसलाई अक्टोबर महिनाभर निरन्तरता उद्देश्यले विभागले संयुक्त राष्ट्रसङ्घीय मानव आवास कार्यक्रम (युएन ह्याविट्याट)लगायत सरोकार भएका निकायसँग समन्वय गरी छलफल आयोजना गरिनेछ,' उहाँले भन्नुभयो, 'तीनै तहका सरकार, विकास साझेदार संस्था र विभिन्न सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा खोज, उद्धार, राहत, पुनःस्थापना हुँदै सुरक्षित, आर्थिक रूपले गतिशील र उत्थानशील पुनःनिर्माण र व्यवस्थित बस्ती विकासको काममा विभागले सबैसँग हातेमालो गरिरहेको छ। आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा राखेका छौँ।' आज विश्व बसोबास दिवस मनाइयो

सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो सहरी विकासमा योगदान पुर्‍याउने लक्ष्यसहित विश्वको ध्यानाकर्षण गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको पहलमा सन् १९८६ देखि हरेक वर्ष अक्टोबर महिनाको पहिलो सोमबार विश्व बसोबास दिवस मनाउँदै आइएको छ।

नेपालमा पनि सन् २००१ देखि विभिन्न सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको नेपालस्थित कार्यालय र विभिन्न गैरसरकारी सङ्घ संस्थासँगको सहकार्यमा नेपाल सरकारले विश्व बसोबास दिवस मनाउँदै आइरहेको छ। आज 'सुलभ आवासः सुरक्षित बसोबास'भन्ने नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाइएको हो।

सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक एकराज अधिकारीले पछिल्लो समय समग्र विश्वले प्राकृतिक विपद्, जलवायुजन्य सङ्कट, राजनीतिक द्वन्द्वलगायत विभिन्न अप्ठ्यारा परिस्थिति झेलिरहेको बताउनुभयो।

'यी विपद्को चपेटामा परी आवास तथा बसोबास प्रणालीमा भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सङ्कट बढ्दै छन्। यसले मानव सभ्यतामा गम्भीर चुनौती खडा गरेको छ,' उहाँले भन्नुभयो, 'विभिन्न अध्ययनअनुसार विश्वका करिब तीन अर्ब मानिस पर्याप्त आवासको सुविधाबाट वञ्चित छन् भने करिब एक दशमलव एक अर्ब मानिस अनौपचारिक बस्तीमा छन्। साथै घरबारविहीनको संख्या लाखौँमा छ। नेपालमा आवासलाई मौलिक हकको रूपमा संविधानले सुनिश्चित गरेको अवस्थामा आवासको पहुँच सुनिश्चित गर्न नेपाल सरकार निरन्तर क्रियाशील छ।'

एकपछि अर्को आउने विपद्ले हामीलाई निरन्तर चुनौती पनि दिइरहेको उपमहानिर्देशक अधिकारीले धारणा राख्नुभयो। उहाँका अनुसार यसरी प्राकृतिक र मानवीय विपत्तिबाट निम्तिने गम्भीर परिणामका असरलाई कम गरी सङ्कट सामनामा मानव बस्तीको क्षमता बढाउनु अपरिहार्य भएको छ। 'यसका लागि सामूहिक सहकार्य र सामूहिक प्रयासबाट यस्ता सङ्कटलाई चिर्दै न्यायोचित समाज निर्माण गर्न सकिने भएकाले सबैको हातेमालो अपरिहार्य छ,' उहाँले भन्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमको मानवीय कार्यक्रम व्यवस्थापक प्रज्ञा प्रधानले विश्वमा अर्बौँ मानिस सुरक्षित आवास पाउनबाट वञ्चित भएका सन्दर्भ जोड्दै नेपालको संविधानले पनि मौलिक हकका रूपमा सुरक्षित आवासको व्यवस्था गरे पनि कार्यन्वयनमा भने चुनौती रहेको बताउनुभयो।

## १० वर्षअघि हराएका बालक दिल्लीबाट परिवारको सम्पर्कमा




**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीमा १० वर्षअघि घरबाट हराएका एक बालकलाई प्रहरीले भारतको नयाँ दिल्लीबाट खोजी गरी परिवारको जिम्मा लगाएको छ । अग्नीसाइर कृष्णासवरण गाउँपालिका–६ का ऋषिदेव सदाका छोरा १६ वर्षीय शिवकुमार सदा १० वर्षअघि आफ्नै घरबाट हराएका थिए । लामो समयसम्म सम्पर्कविहीन भएपछि परिवारले उनको खोजी गर्दै आएको थियो।
खोजीका क्रममा शिवकुमार भारतको नयाँ दिल्लीमा रहेको जानकारी पाएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले दिल्लीस्थित किङ इन्डिया संस्थासँग समन्वय गरी खोजी अघि बढाएको थियो।
संस्थाले शिवकुमारलाई फेला पारेपछि निर्देशक नवीन जोशीले जिल्ला प्रहरी कार्यालय सप्तरीका निमित्त कार्यालय प्रमुख एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेसँग समन्वय गरेका थिए।
त्यसपछि आइतबार शिवकुमारलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याई बुझाइएको थियो । प्रहरीले अग्नीसाइर कृष्णासवरण गाउँपालिका–६ का जनप्रतिनिधिको रोहवरमा उनलाई अभिभावकको जिम्मा लगाएको जनाएको छ।

## मोटरसाइकल दुर्घटनामा परेका युवकको साथबाट पेस्तोल बरामद



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको कबिलासी नगरपालिका–३ मदनपुरमा मोटरसाइकल दुर्घटनामा परेका एक युवकको साथबाट प्रहरीले पेस्तोल बरामद गरेको छ। गएराति करिब १ बजे जनकपुरबाट घरतर्फ जाँदै गरेको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा मदनपुरका ३३ वर्षीय तुलसी ठाकुर सामान्य घाइते भएका थिए।
घटनास्थलमा पुगेको प्रहरीले ठाकुरको शरीर खानतलासी गर्दा एक थान सिक्सर पेस्तोल फेला पारेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । उनका अनुसार बरामद पेस्तोलमा गोली भने भेटिएको छैन । प्रहरीका अनुसार ठाकुरले मादक पदार्थ सेवन गरेकोसमेत पाइएको छ।
प्रहरीले मोटरसाइकल, पेस्तोल र ठाकुरलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## मुआब्जा नपाएपछि ड्राइपोर्टको
# मूलगेटमै श्रीसियावासीको धर्ना



**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि मुआब्जा पाउनबाट वञ्चित भएको भन्दै वीरगंज महानगरपालिका–२५ श्रीसियाका स्थानीयवासीले श्रीसिया सुक्खा बन्दरगाह (ड्राइपोर्ट)को मूलगेटमै धर्ना सुरु गरेका छन्। सरकारले जग्गा तथा संरचनाको मुआब्जा वितरणमा ढिलाइ गरेको भन्दै स्थानीयवासीले सोमबार बिहानदेखि त्रिपाल टाँगेर आन्दोलन थालेका हुन्।
बिहान ७ बजेदेखि मूलगेटमा धर्ना बसेका स्थानीयले आफ्नो माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने बताएका छन्। उनीहरूका अनुसार फिल्डबुकमा नाम दर्ता भएका करिब ८० देखि ९० जनाको स्ववासी जग्गा तथा त्यसमाथि रहेका घर, विद्यालय, अस्पताललगायत विभिन्न संरचनाको मुआब्जा अझै उपलब्ध हुन सकेको छैन।
स्थानीयका अनुसार वर्षौंदेखि आफ्नो जग्गा तथा संरचनाको मुआब्जाका लागि सम्बन्धित निकाय धाउँदै आए पनि प्रक्रिया अघि बढाउने नाममा समय बिताउने काम मात्र भइरहेको छ । मुआब्जा पाउने स्पष्ट आधार बने पनि रकम उपलब्ध गराउन ढिलाइ भएपछि बाध्य भएर बन्दरगाहको मूलगेटमै धर्ना दिनुपरेको उनीहरूको भनाइ छ।
आन्दोलनमा सहभागी वडा सदस्य तेतरी देवीले सरकारले मुआब्जा रकम पूर्ण रूपमा उपलब्ध गराउनुपर्ने माग गरिन्। उनका अनुसार सम्बन्धित निकायले स्थानीयसँग लिखित सम्झौता गरी मुआब्जा वितरणको सुनिश्चितता नगरेसम्म धर्ना नरोकिने छ । 'मुआब्जा दिने विषयमा लिखित सहमति नभएसम्म हामी आन्दोलनबाट पछि हट्दैनौँ,' उनले भनिन्।
स्थानीयवासीले सरकारले संरचनाको मुआब्जा उपलब्ध गराउँदा सम्पत्ति करका नाममा रकम कट्टा गर्ने निर्णयप्रति समेत असन्तुष्टि जनाएका छन् । सरकारको निर्णयअनुसार फुसको घरको मुआब्जाबाट एक प्रतिशत, खपडाको घरबाट डेढ प्रतिशत र पक्की घरबाट दुई प्रतिशत सम्पत्ति कर कट्टा गर्ने भनिएको छ। स्थानीयको माग भने सरकारले निर्धारण गरेको मुआब्जा रकमबाट थप कटौती नगरी सम्पूर्ण रकम उपलब्ध गराउनुपर्ने रहेको छ । उनीहरूले मुआब्जा पाउनका लागि वर्षौंदेखि प्रक्रिया पूरा गर्दै आएको अवस्थामा पुनः कर कट्टी गरेर रकम घटाउनु न्यायोचित नभएको बताएका छन्। माग सम्बोधनमा थप ढिलाइ भए आन्दोलनलाई अझ कडा बनाउने स्थानीयले चेतावनी दिएका छन्।
वडा सदस्य तेतरी देवीका अनुसार सरोकारवाला निकायले तत्काल समस्या समाधान नगरे मंगलबारदेखि ड्राइपोर्ट जाने सडकमा नै त्रिपाल टाँगेर पशुचौपाया बाँध्ने, खाना पकाउने र सडकलाई दैनिक जीवनयापनको थलो बनाउने कार्यक्रम अघि सारिनेछ । यसले ड्राइपोर्टको मुख्य आवागमन तथा मालवाहक सवारी सञ्चालनमा समेत असर पर्न सक्ने देखिएको छ।

**मूल्याङ्कन समिति गठन गर्ने निर्णय**
मुआब्जा विवाद समाधानका लागि यसअघि जिल्ला प्रशासन कार्यालय, पर्साले प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो । सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा संरचना तथा सम्पत्तिको मूल्याङ्कन गरी मुआब्जा निर्धारण गर्न समिति गठन गर्ने निर्णय भएको प्रशासनले जनाएको छ।
प्रशासनका अनुसार उक्त समितिले सम्बन्धित जग्गा तथा संरचनाको मूल्याङ्कन गरी आवश्यक मुआब्जा रकम निर्धारण गर्नेछ । त्यसपछि मुआब्जाका लागि आवश्यक रकम माग गर्दै अर्थ मन्त्रालयमा पठाइने र मन्त्रालयबाट बजेट प्राप्त भएपछि मात्र सम्बन्धित स्थानीयवासीलाई रकम वितरण गर्न सकिने प्रशासनको भनाइ छ।
तर प्रशासनिक प्रक्रिया अघि बढिरहेको भनिए पनि स्थानीयवासी भने तत्काल परिणाम खोजिरहेका छन् । वर्षौंदेखि मुआब्जाको प्रतीक्षामा रहेका आफूहरूलाई फेरि मूल्याङ्कन र बजेट प्रक्रियाको नाममा अनिश्चित समयसम्म कुराउन नहुने उनीहरूको भनाइ छ।
स्थानीयवासीका अनुसार आफ्नो स्वामित्वमा रहेको जग्गा तथा संरचना सार्वजनिक प्रयोजनमा प्रयोग भइसकेको अवस्थामा त्यसको उचित मुआब्जा पाउनु उनीहरूको अधिकार हो। मुआब्जा वितरणमा ढिलाइ हुँदा आफूहरू आर्थिक तथा सामाजिक रूपमा प्रभावित भइरहेको उनीहरूले बताएका छन्।
ड्राइपोर्टको मूलगेटमै धर्ना सुरु भएपछि अब प्रशासन र सम्बन्धित निकायमाथि स्थानीयको माग तत्काल सम्बोधन गर्ने दबाब बढेको छ । स्थानीयले लिखित प्रतिबद्धता र मुआब्जाको सुनिश्चितता खोजिरहेका छन् भने प्रशासनले मूल्याङ्कन, अर्थ मन्त्रालयबाट रकम प्राप्ति र त्यसपछि वितरण हुने प्रक्रिया अघि सारेको छ।

## जानकी आँखा अस्पताल सञ्चालन समितिको संयोजकमा रघुविर राय



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल रेडक्रस सोसाइटी जानकी आँखा अस्पताल सञ्चालन समितिको संयोजकमा रघुविर राय (कुर्मी) मनोनीत भएका छन्। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिको असोज ७ गते बसेको बैठकले रायलाई चार वर्षे कार्यकालका लागि अस्पताल सञ्चालन समितिको संयोजकमा मनोनयन गरेको हो।
नेपाल रेडक्रस सोसाइटी आँखा अस्पताल सञ्चालन नियमावली, २०८१ को पहिलो संशोधन २०८३ सहितको नियम ८.१ को (क) र (ग) मा रहेको व्यवस्थाअनुसार रायलाई संयोजकको जिम्मेवारी दिइएको केन्द्रीय कार्यालयले जनाएको छ । काठमाडौंस्थित नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले सोमबार पत्र पठाउँदै रायलाई मनोनयनबारे जानकारी गराएको हो।
पत्रमा रायले नेपाल रेडक्रस सोसाइटीको प्रचलित विधान तथा आँखा अस्पताल सञ्चालन नियमावलीअनुसार जिम्मेवारी निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ । जनकपुरधाम उपमहानगरपालिका–६ स्थित जानकी आँखा अस्पतालको सञ्चालन तथा व्यवस्थापनसँगै सेवा प्रवाहलाई प्रभावकारी बनाउन नयाँ सञ्चालन समितिको नेतृत्व महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

## उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे उच्चस्तरीय संवाद

**मधेशदृष्टि**
**कलैया।**
उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे मधेश प्रदेशमा उच्चस्तरीय संवाद कार्यक्रम सोमबार बाराको सिमरामा सुरु भएको छ । युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालले आयोजना गरेको उच्च स्तरीय संवाद कार्यक्रममा कार्यक्रममा सङ्घीय सांसद, प्रदेश सरकार तथा विश्वविद्यालयका पदाधिकारी, स्थानीय सरोकारवाला, नागरिक समाज, सरकारी नीति निर्माता, विज्ञ एवं सरोकारवालाको सहभागिता थियो । 'उच्च शिक्षा सुधार तथा राष्ट्रिय योग्यता प्रारुप मधेश प्रदेशमा उच्च शिक्षाको भविष्य' विषयक संवाद गोष्ठीमा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे छलफल भइरहेको छ।
कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. खड्गबहादुर केसी, शिक्षा मन्त्रालयका सचिव चुडामडि पौडेल, शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापा, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्ठा, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा.डा. श्याम नारायण लाभ र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. विवेक बराल लगायत सहभागी रहेका छन्।

## औद्योगिक क्षेत्रका लागि आवश्यक जग्गाको विषय टुङ्गयाउन ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज।**
प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले औद्योगिक क्षेत्रका लागि आवश्यक परेको जग्गाको विषय १४ दिनभित्र टुङ्गोमा पु¥याउन सरकारको ध्यानाकर्षण गराएको छ । सोमबार बसेको समितिको बैठकमा सभापति रहबर अन्सारीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सिमरा र मोरङमा औद्योगिक विकासका लागि जग्गा व्यवस्थापनको कामलाई प्राथमिकता दिएर तत्काल सहजीकरण गर्न आग्रह गरे । सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) मा करिब ४०० बिघा जग्गा खाली रहेको उल्लेख गर्दै सभापति अन्सारीले औद्योगिक विकास क्षेत्रले सो जग्गा लिजमा पाए दुई–तीन वर्षभित्रै उद्योगहरू सञ्चालनमा आउन सक्ने बताए।

## कार्बन लाभ समुदायको हितमा लगानी...

विषयमा जानकारी गराउने उद्देश्यले सोमबार वीरगंजमा एकदिने तालिम आयोजना गरिएको हो।
'वनको दिगो व्यवस्थापन र सामुदायिक अधिकारः समावेशी, सुशासन र हरित अर्थतन्त्र समृद्धिको आधार' भन्ने नारासहित जिल्ला समन्वय समिति पर्साको सभाहलमा सम्पन्न तालिम सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल जिल्ला महासंघ, पर्साले आयोजना गरेको थियो । तालिममा सहभागीलाई कार्बन लाभको अवधारणा, त्यसबाट प्राप्त लाभ वितरणको प्रक्रिया, लगानी योजना निर्माण तथा सामुदायिक वनको दिगो व्यवस्थापनसँग जोडिएका विषयमा प्रशिक्षक निरञ्जन हुमागाईंले प्रशिक्षण दिएका थिए। कार्बन सञ्चितिबाट प्राप्त हुने लाभ समुदायको वास्तविक हितमा पुग्नुपर्नेमा जोड दिँदै कार्यक्रममा त्यसको वितरण प्रक्रियालाई पारदर्शी, समावेशी र न्यायोचित बनाउनुपर्ने धारणा राखिएको थियो । वन संरक्षण तथा व्यवस्थापनमा प्रत्यक्ष भूमिका निर्वाह गर्दै आएका स्थानीय समुदायलाई कार्बन लाभबाट प्राप्त अवसरमा उचित पहुँच सुनिश्चित गर्नुपर्नेमा पनि सरोकारवालाले जोड दिएका थिए।
तालिमको अध्यक्षता सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल जिल्ला महासंघ, पर्साका अध्यक्ष एकवाली प्रसाद यादवले गरेका थिए। कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल मधेश प्रदेशका अध्यक्ष सोम प्रसाद शर्मा, महासंघका केन्द्रीय सदस्य जयप्रकाश थारु, उषा थरुनी तथा जिल्ला समन्वय समिति पर्साकी सदस्य श्रीकान्ती देवीलगायतको सहभागिता रहेको थियो।
कार्यक्रममा वन संरक्षणका लागि स्थानीय समुदायले पु¥याउँदै आएको योगदान र सामुदायिक वन व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उपायबारे समेत छलफल गरिएको थियो । कार्बन लाभको रकम केवल वितरणमा सीमित नराखी समुदायको आवश्यकता पहिचान गरेर शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, जीविकोपार्जन तथा वन व्यवस्थापनजस्ता प्राथमिक क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिइएको थियो।
आयोजकका अनुसार तालिममा सहभागीहरूले कार्बन लाभसँग सम्बन्धित नीतिगत व्यवस्था, लाभ बाँडफाँटको प्रक्रिया र लगानी योजना तयार गर्ने व्यावहारिक पक्षबारे जानकारी प्राप्त गरेका छन् । कार्बन बजार तथा वनबाट सिर्जना हुने वातावरणीय लाभको चर्चा बढिरहेका बेला सामुदायिक वन उपभोक्ता समूहलाई त्यसबाट प्राप्त हुने अवसरबारे स्पष्ट जानकारी दिन तालिम महत्वपूर्ण भएको आयोजकको भनाइ छ।
तालिमले सामुदायिक वन उपभोक्ता समूहलाई वनको दिगो व्यवस्थापनसँगै कार्बन लाभलाई समुदायको हितमा उपयोग गर्ने योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । वन जोगाउने समुदायले नै कार्बन लाभको प्रत्यक्ष र न्यायोचित हिस्सा पाउने वातावरण निर्माण गर्न सके त्यसले वन संरक्षणसँगै स्थानीय स्तरमा हरित अर्थतन्त्रलाई समेत बलियो बनाउन सक्ने सहभागीहरूको निष्कर्ष थियो।

## अन्तरिम संविधानसहित अन्तरिम...

विदेश विभागको बालकृष्ण सापकोटा र आर्थिक विभागको जिम्मेवारी देवकुमारी साहलाई दिइएको छ।

**'फेक शासन' विरुद्ध आन्दोलन चर्काउने संकेत**
बैठकका निर्णय सार्वजनिक गर्दै प्रवक्ता सुभाष प्रसाद साहले राष्ट्रिय संकट समाधानका लागि पार्टीका राजनीतिक तथा संगठनात्मक गतिविधिलाई थप गतिशील बनाइने बताएका छन्। उनका अनुसार आगामी दिनमा वैचारिक तथा राजनीतिक कार्यक्रम, संगठन विस्तार र संघर्षका गतिविधिलाई छुट्टाछुट्टै नभई एकीकृत योजनाका रूपमा अघि बढाइनेछ।
आजपाको पछिल्लो निर्णयले पार्टी अब केवल संगठन पुनर्गठनमा सीमित नरही अन्तरिम संविधान र अन्तरिम सरकार गठनको मागलाई केन्द्रमा राखेर राजनीतिक संघर्ष विस्तार गर्ने दिशामा अघि बढ्न खोजेको देखाएको छ । पार्टीले वर्तमान व्यवस्थालाई 'फेक शासन' को संज्ञा दिँदै त्यसको भण्डाफोर गर्ने र जनआन्दोलनलाई नयाँ चरणमा अघि बढाउने घोषणा गरिसकेको छ । त्यसैले अन्तरिम संविधानसहितको अन्तरिम सरकारको माग आगामी दिनमा आजपाको राजनीतिक अभियानको मुख्य नारामध्ये एक बन्ने देखिन्छ।
आजपाको निर्णयसँगै पार्टीले उठाउँदै आएको 'तेस्रो जनआन्दोलन'को मुद्दाले पनि नयाँ राजनीतिक स्वरूप लिने संकेत गरेको छ । संगठनात्मक पुनर्गठनमार्फत प्रदेश, विभाग र जनसंगठनलाई सक्रिय बनाउँदै आन्दोलनलाई जनस्तरसम्म विस्तार गर्ने रणनीति आजपाले लिएको छ । यसरी हेर्दा आजपाको पछिल्लो केन्द्रीय कमिटी बैठकले नेतृत्व पुनर्गठन मात्र गरेको छैन, वर्तमान राजनीतिक व्यवस्थामाथि नै प्रश्न उठाउँदै अन्तरिम संविधान र अन्तरिम सरकारको एजेन्डासहित नयाँ चरणको राजनीतिक संघर्ष अघि बढाउने औपचारिक निर्णयसमेत गरेको छ।

## अख्तियारमा स्थानीय तहका मात्रै...

बागमतीका सिन्धुली र रामेछाप तथा कोशीका ओखलढुंगा, खोटाङ र सोलुखुम्बर गरी नौ जिल्ला पर्दछन्। आर्थिक वर्ष २०८२/८३ मा बर्दिवास कार्यालयमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेका र सोही वर्ष दर्ता भएका गरी ३ हजार ८ सय ३६ उजुरी कायम भएका थिए । तीमध्ये २ हजार ५ सय ८ अर्थात् ६५ दशमलव ३८ प्रतिशत उजुरी फछ्र्योट भएका छन् भने १ हजार ३ सय २८ उजुरी अर्को आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्।
आयोगको समग्र तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा विभिन्न माध्यमबाट प्राप्त ३३ हजार ५ सय १० र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७ हजार ३ सय २३ गरी कुल ४० हजार ८ सय ४२ उजुरी दर्ता भएका थिए। तीमध्ये ३२ हजार ८ सय २३ अर्थात् ८० दशमलव ३७ प्रतिशत उजुरी स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फछ्र्योट भएका छन् । बाँकी ८ हजार १९ उजुरी आर्थिक वर्ष २०८३/८४ का लागि जिम्मेवारी सरेका छन्।
विस्तृत अनुसन्धान सम्पन्न भएका ७ सय ८७ उजुरीमध्ये आयोगको निर्णयपछि १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर भएका छन्।
५ सय ८५ उजुरी तामेलीमा राखिएका छन् भने ९० वटामा सम्बन्धित निकायलाई सुझाव दिइएको, सात वटामा कारबाहीका लागि लेखी पठाइएको र १७ वटा मुल्तवीमा राखिएको प्रतिवेदनमा उल्लेख छ । दायर भएका मुद्दामध्ये ६८ संघ, ३० प्रदेश र ७७ वटा स्थानीय तहसँग सम्बन्धित छन् । प्रदेशगत रूपमा बागमतीसँग सम्बन्धित ४४ र मधेशसँग सम्बन्धित ४० मुद्दा दायर भएका छन्।
आयोगको प्रतिवेदनले उजुरीको ठूलो हिस्सा संघीय मामिला तथा स्थानीय तह, शिक्षा, गैरकानुनी सम्पत्ति आर्जन, भूमि प्रशासन, गृह प्रशासन, वन तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित रहेको जनाएको छ । यसले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सार्वजनिक खरिद, राजस्व व्यवस्थापन तथा स्थानीय तहको प्रशासनिक र वित्तीय कार्यसम्पादनमा सुशासन र जवाफदेहिता सुदृढ गर्नुपर्ने आवश्यकता देखाएको आयोगको निष्कर्ष छ।
प्रतिवेदनले मधेश प्रदेशमा उजुरीको मात्रा उच्च रहेकाले बढी उजुरी देखिएका क्षेत्र, निकाय र पालिकामा सेवा प्रवाह, सार्वजनिक खरिद, पूर्वाधार तथा प्रशासनिक कामको जोखिम पहिचान गरी लक्षित अनुगमन, छानबिन र सुधारात्मक कार्य गर्नुपर्ने सुझाव दिएको छ । आयोगले बढ्दो उजुरीलाई एकातर्फ सार्वजनिक निकायप्रतिको गुनासो र कमजोरीसँग जोडेको छ भने अर्कोतर्फ आयोगप्रतिको विश्वास, भ्रष्टाचारविरुद्धको निरन्तर कारबाही तथा नागरिकमा बढेको जागरुकताका कारण पनि उजुरी बढेको हुनसक्ने जनाएको छ।

## एउटै महसुलमा दोहोरो...

वर्गको कारबाही तुलना गर्दा सम्बन्धित उद्योगको वास्तविक बक्यौता, कानुनी अवस्था र प्राधिकरणसँग भएको सम्झौता हेर्नुपर्ने हुन्छ । तर कारबाहीमा समानता र पारदर्शिता हुनुपर्ने माग भने जायज रूपमा उठेको छ।

**तथ्यांक माग्दा 'क्षेत्राधिकार बाहिर'**
वीरगंज वितरण केन्द्रका प्रमुख महतोसँग वीरगंजका उद्योगमा रहेको विद्युत् महसुल बक्यौताको तथ्यांक माग्दा उनले उक्त विषय आफ्नो क्षेत्राधिकारबाहिर रहेको बताए । लिखित निवेदन दिएपछि आफूहरूले प्रादेशिक कार्यालयमा पठाउने र त्यसपछि मात्र तथ्यांक उपलब्ध गराउन सकिने उनको भनाइ थियो।
यसले पनि सार्वजनिक सेवा प्रदान गर्ने निकायको सूचना व्यवस्थापन प्रणालीप्रति प्रश्न उठाएको छ । सर्वसाधारणको घरमा विद्युत् महसुल असुलीका लागि कडाइ गर्ने प्राधिकरणले आफ्नो क्षेत्रभित्रका ग्राहकको बक्यौता रकमसम्बन्धी आधारभूत तथ्यांकसमेत सहज रूपमा उपलब्ध गराउन नसक्नु पारदर्शिताको दृष्टिले आलोचनाको विषय बन्न सक्छ।
विद्युत् महसुल राज्यको अत्यावश्यक सार्वजनिक सेवासँग जोडिएको विषय हो । प्राधिकरणलाई महसुल असुली गर्ने अधिकारसँगै ग्राहकलाई स्पष्ट, सही र पारदर्शी बिल उपलब्ध गराउने दायित्व पनि हुन्छ । जरिवाना असुलीको नाममा एउटै महसुलमा दोहोरो भार थपिएको हो भने त्यसको तत्काल छानबिन आवश्यक छ । अन्ततः प्रश्न २५ प्रतिशत जरिवाना लिन पाउने वा नपाउने भन्ने मात्र होइन। एकपटक जरिवाना जोडिएको महसुलमा ग्राहकले आंशिक रकम बुझाएपछि बाँकी रकममा फेरि जरिवाना लगाउने आधार के हो ? यही प्रश्नको स्पष्ट र लिखित जवाफ वीरगंजका सेवाग्राहीले खोजिरहेका छन् । प्राधिकरणको सफ्टवेयरले देखाएको रकमलाई अन्तिम सत्य मानेर सेवाग्राहीलाई तिर्न बाध्य बनाउनेभन्दा कुन मूल महसुलमा, कुन अवधिका लागि, कति प्रतिशत थप दस्तुर र आंशिक भुक्तानीपछि बाँकी रकममा पुनः कस्तो सूत्रबाट थप दस्तुर गणना भयो भन्ने विवरण बिलमै स्पष्ट देखिनुपर्ने आवश्यकता देखिएको छ । नियमको नाममा सर्वसाधारणलाई आर्थिक भार थप्ने होइन, नियमको पारदर्शी कार्यान्वयनमार्फत सेवाग्राहीको विश्वास जित्नु प्राधिकरणको जिम्मेवारी हो । एउटै महसुलमा दोहोरो जरिवाना असुली भएको हो भने त्यो केवल एउटा सेवाग्राहीको समस्या होइन, 'वीरगंज वितरण केन्द्रको बिलिङ प्रणाली र असुली प्रक्रियामाथि नै गम्भीर प्रश्न हो।'

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


## विद्यालयका जग्गाधनी प्रमाणपुर्जा,

# डिजिटल स्रोत पोर्टलदेखि राष्ट्रिय सभा जनकपुरधाममा गर्नेसम्म पान मधेशका १४ निर्णय




**मधेशदृष्टि**
**जनकपुरधाम।**
वीरगंजमा सम्पन्न प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (पान) मधेश प्रदेशको प्रादेशिक शिखर सम्मेलनको बन्द सत्रले विद्यालयका जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन पहल गर्नेदेखि प्रधानाध्यापकको पेशागत क्षमता अभिवृद्धि, डिजिटल स्रोत पोर्टल निर्माण, विज्ञान प्रदर्शनी तथा संगठन विस्तारसम्मका १४ वटा महत्वपूर्ण निर्णय गरेको छ। सम्मेलनले पानको तेस्रो राष्ट्रिय सभा जनकपुरधाममा आयोजना गर्न पहल गर्ने तथा मधेश प्रदेशका तत्कालीन अध्यक्ष सञ्जयकुमार झालाई केन्द्रीय पदाधिकारीका लागि सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

पान मधेश प्रदेशको प्रादेशिक शिखर सम्मेलन असोज १७ र १८ गते वीरगंजस्थित त्रिजुद्ध माध्यमिक विद्यालयमा सम्पन्न भएको हो । सम्मेलनको बन्द सत्रले विद्यालय नेतृत्व, संस्थागत विकास, संगठन सुदृढीकरण र शैक्षिक नवप्रवर्तनसँग सम्बन्धित १४ प्रस्तावमाथि छलफल गर्दै सर्वसम्मत रूपमा निर्णय गरेको पान मधेश प्रदेशले जनाएको छ । बन्द सत्रले पान मधेश प्रदेशले जारी गरेको प्रदेशस्तरीय पुरस्कार, मूल्याङ्कन तथा सम्मान निर्देशिका २०८३ अनुमोदन गरेको छ। उक्त निर्देशिकाअनुसार विद्यालय नेतृत्व र शैक्षिक क्षेत्रमा योगदान पु¥याउने व्यक्तित्वको मूल्याङ्कन तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ।

साथै असोज १७ र १८ गते सम्पन्न प्रदेश सम्मेलनलाई औपचारिक रूपमा अनुमोदन गरिएको छ।

पानको विधान संशोधनका लागि आगामी तेस्रो राष्ट्रिय सभालाई लक्षित गरी स्थानीय, जिल्ला र प्रदेश तहबाट लिखित सुझाव संकलन गर्ने निर्णयसमेत भएको छ । प्रदेश समितिले ती सुझावलाई एकीकृत गरी केन्द्रीय समितिमा पठाउनेछ। त्यसैगरी सरकारी वा सार्वजनिक जग्गामा लामो समयदेखि सञ्चालनमा रहेका तर जग्गाधनी प्रमाणपुर्जा नभएका विद्यालयलाई आवश्यक प्रक्रिया पूरा गरी प्रमाणपुर्जा उपलब्ध गराउन सम्बन्धित मन्त्रालय तथा निकायसँग पहल गर्ने निर्णय भएको छ।

पानको तेस्रो राष्ट्रिय सभा जनकपुरधाममा आयोजना गर्न आवश्यक समन्वय, स्थान तथा व्यवस्थापनका विषयमा प्रदेश समितिले पहल र सहकार्य गर्ने निर्णय गरेको छ । यसका साथै पान मधेश प्रदेशका तत्कालीन प्रदेश अध्यक्ष सञ्जयकुमार झालाई केन्द्रीय पदाधिकारीको जिम्मेवारीका लागि सिफारिस गर्ने निर्णय गरिएको छ। प्रदेश कार्यसमितिलाई नयाँ जिम्मेवारी र रिक्तताअनुसार पुनर्गठन गर्ने निर्णय पनि बन्द सत्रले गरेको छ । पुनर्गठनपछि प्रदेश अध्यक्ष, उपाध्यक्ष, संगठन, कोषाध्यक्ष तथा सहकोषाध्यक्षलगायत पदमा जिम्मेवारी तोकिनेछ।

शैक्षिक क्षेत्रमा डिजिटल प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै प्रधानाध्यापकका लागि नमुना, शैक्षिक सामग्री, नेतृत्वसम्बन्धी स्रोत तथा अनुभव आदानप्रदानको सुविधा उपलब्ध गराउने उद्देश्यले पान मधेश डिजिटल स्रोत पोर्टल विकास गर्ने निर्णय गरिएको छ। विद्यार्थीको विज्ञान, प्रविधि तथा डिजिटल सीप प्रदर्शन र प्रयोगलाई प्रोत्साहन गर्न प्रदेशस्तरीय विज्ञान प्रदर्शनी तथा डिजिटल मेला आयोजना गर्ने निर्णय पनि भएको छ। प्रधानाध्यापकको शैक्षिक नेतृत्व, विद्यालय व्यवस्थापन तथा पेशागत क्षमता विकासका लागि प्रदेश तथा जिल्ला तहमा नियमित कार्यशाला आयोजना गरिने भएको छ । विद्यालयको पूर्वाधार विकासका लागि सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गरी आवश्यक कार्यक्रम अघि बढाउने निर्णयसमेत गरिएको छ।

संगठन विस्तारअन्तर्गत पानको संरचनालाई केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म प्रभावकारी रूपमा विस्तार गर्ने निर्णय गरिएको छ । सदस्यता वृद्धि गर्नुका साथै विभिन्न तहका कार्यसमितिबीच समन्वयलाई थप सुदृढ बनाउने निर्णय भएको छ । त्यस्तै पानको सदस्यता लिएका तर सदस्यता प्रमाणीकरण हुन बाँकी रहेका सदस्यको अभिलेख अद्यावधिक गरी प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरिएको छ। प्रधानाध्यापकको सिकाइ तथा नेतृत्व अनुभव विस्तारका लागि अन्य देशका प्रधानाध्यापक संघ–संस्थासँग सहकार्य गर्दै समय–समयमा वैदेशिक अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत भएको छ।

पान मधेश प्रदेशले बन्द सत्रबाट पारित निर्णय कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय सरकार, शिक्षा क्षेत्रका निकाय, विद्यालय, विश्वविद्यालय, निजी तथा सामाजिक क्षेत्रलगायत सरोकारवालासँग समन्वय गर्ने जनाएको छ । निर्णयको प्रगति प्रदेश कार्यसमितिले नियमित रूपमा समीक्षा गर्ने बताइएको छ । सम्मेलनले प्रधानाध्यापकलाई विद्यालयको प्रमुख शैक्षिक नेतृत्वकर्ताका रूपमा स्थापित गर्दै गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाका लागि साझा प्रयासलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।

# दसैँ नजिकिएसँगै माटोका मूर्ति बनाउन मूर्तिकारलाई भ्याइनभ्याइ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालीको महान् पर्व विजयादशमी नजिकिएसँगै मिथिला क्षेत्रका गाउँ तथा सहरमा दुर्गा पूजाको तयारी तीव्र भएको छ।

विभिन्न पूजा स्थलमा देवी–देवताका माटोका प्रतिमा बनाउने काम अहिले धमाधम भइरहेको छ । दसैँका लागि मूर्ति बनाउन मूर्तिकारलाई बिहानदेखि साँझसम्म भ्याइनभ्याइ छ । कतै माटो मुछ्ने काम भइरहेको छ भने कतै माटोलाई आकार दिएर देवी–देवताका आकृति बनाइँदै छन् । केही स्थानमा तयार भएका प्रतिमामा रङ लगाउने र अन्तिम सजावट गर्ने कामसमेत चलिरहेको छ।

अरूका लागि दसैँ धार्मिक आस्था र उत्सवको पर्व भए पनि मूर्तिकारका लागि यही समय वर्षभरिको आम्दानी जुटाउने अवसर हो । माटोको सामान्य डल्लालाई कलात्मक प्रतिमामा बदल्न सीपसँगै समय, धैर्य र निरन्तर मेहनत आवश्यक पर्छ । एउटा प्रतिमा तयार गर्न माटोको काममै करिब १५ दिन लाग्ने गर्छ। त्यसपछि प्रतिमा सुकाउने, रङरोगन गर्ने र अन्तिम सजावटका लागि थप तीनदेखि चार दिन लाग्छ । यसरी एउटा प्रतिमा पूर्ण रूपमा तयार गर्न मूर्तिकारले दुईदेखि तीन सातासम्म श्रम गर्नुपर्छ।

प्रतिमाको आकार, डिजाइन र कामको जटिलताअनुसार मूल्य फरक पर्ने गर्छ । दसैँका बेला प्रतिमाको माग बढ्ने भएकाले मूर्तिकारका लागि यो समय आम्दानीका दृष्टिले महत्वपूर्ण मानिन्छ। तर, लामो समय लगाएर प्रतिमा तयार गर्नुपर्ने, घाम, धुलो र माटोबीच घण्टौँ काम गर्नुपर्ने भएकाले यो पेसा सहज भने छैन।

मिथिलाको कला र संस्कृतिसँग जोडिएको माटोका मूर्ति निर्माणको परम्परा पुस्तौँदेखि चल्दै आएको छ । दसैँमा दुर्गा, काली, सरस्वती, लक्ष्मी, गणेशलगायत देवी–देवताका प्रतिमा स्थापना गरी पूजा गर्ने चलन छ। पूजा सम्पन्न भएपछि ती प्रतिमा नदी, तलाउ तथा अन्य जलाशयमा विसर्जन गरिन्छन् । केही दिनका लागि बनाइएका प्रतिमा जलमा विलीन भए पनि मूर्तिकारको सीप र कला भने पुस्तौँदेखि निरन्तर चलिरहेको छ। यही सीपका आधारमा उनीहरू अर्को वर्षको दसैँका लागि फेरि माटोलाई नयाँ आकार दिन तयार हुन्छन्।

# कार्बन लाभ समुदायको हितमा लगानी गर्नुपर्नेमा जोड



**मधेशदृष्टि**
**वीरगंज।**
वन संरक्षणमा स्थानीय समुदायको योगदानबाट सिर्जना हुने कार्बन लाभलाई पारदर्शी र न्यायोचित रूपमा बाँडफाँट गर्दै समुदायको आवश्यकता र प्राथमिकताका क्षेत्रमा लगानी गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । सामुदायिक वन उपभोक्ता तथा सम्बन्धित सरोकारवालालाई कार्बन लाभको बाँडफाँट, त्यसबाट प्राप्त रकमको लगानी योजना निर्माण तथा दिगो वन व्यवस्थापनका

बाँकी पृष्ठ ३ मा

# अन्तरिम संविधानसहित अन्तरिम सरकार गठनको पहल गर्ने आजपाको निर्णय




**मधेशदृष्टि**
**काठमाडौँ।**
आम जनता पार्टी (आजपा)ले मुलुकमा गहिरिँदै गएको राजनीतिक संकट समाधानका लागि अन्तरिम संविधान निर्माणसँगै अन्तरिम सरकार गठनको पहल गर्ने निर्णय गरेको छ । पार्टीले विद्यमान राजनीतिक व्यवस्थामाथि प्रश्न उठाउँदै देशलाई निकास दिन ‘सिस्टम सुधार’ आवश्यक रहेको निष्कर्षसहित अन्तरिम संविधान र अन्तरिम सरकारको मुद्दालाई राजनीतिक संघर्षको प्रमुख एजेन्डा बनाउने निर्णय गरेको हो।

पार्टी अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहको अध्यक्षतामा सम्पन्न केन्द्रीय कमिटीको पूर्ण बैठकले वर्तमान राजनीतिक परिस्थितिको समीक्षा गर्दै जनआन्दोलनलाई थप सशक्त बनाउने निर्णयसमेत गरेको छ। बैठकले पार्टीको संगठनात्मक संरचनामा व्यापक पुनर्गठन गर्दै आगामी राजनीतिक तथा संघर्षका कार्यक्रमलाई तीव्र रूपमा अघि बढाउने निर्णय गरेको आजपा प्रवक्ता सुभाष प्रसाद साहद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

बैठकले अध्यक्ष साहले प्रस्तुत गरेको ‘फेक शासनको भण्डाफोर गरौँ, जनआन्दोलनको दिशामा अघि बढौँ’ शीर्षकको १८ पृष्ठ लामो राजनीतिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरेको छ । प्रतिवेदनमा मुलुकको पछिल्लो राजनीतिक अवस्थाको विश्लेषण गर्दै विद्यमान संवैधानिक व्यवस्थाका कमजोरी र नेतृत्वको असक्षमताका कारण राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक व्यवस्था तथा अर्थतन्त्र संकटतर्फ धकेलिएको दाबी गरिएको छ । यस्तो परिस्थितिबाट मुलुकलाई बाहिर निकाल्न राजनीतिक प्रणालीमै सुधार आवश्यक रहेको आजपाको निष्कर्ष छ।

पार्टीले यसअघि उठाउँदै आएको जनसंघर्ष तथा तेस्रो जनआन्दोलनको मुद्दालाई नयाँ चरणमा प्रवेश गराउने निर्णयसमेत गरेको छ । त्यसका लागि राजनीतिक, वैचारिक र संगठनात्मक गतिविधिलाई एकीकृत गर्दै जनस्तरसम्म अभियान विस्तार गर्ने आजपाको तयारी छ।

### नेतृत्व संरचनामा व्यापक हेरफेर

राजनीतिक एजेन्डासँगै आजपाले आफ्नो केन्द्रीय संगठनलाई समेत पुनर्गठन गरेको छ । बैठकले प्रभु साहलाई पुनः अध्यक्षको जिम्मेवारीमा कायम राख्दै तिलक थापा मगरलाई सह–अध्यक्ष बनाएको छ । केन्द्रीय उपाध्यक्षमा आत्माराम प्रसाद साह, रीतादेवी साह, समिना हुसेन, अशोककुमार लामा, बिल्टु यादव र धनकुमारी मगर चयन भएका छन् । त्रिभुवन साहलाई महासचिवको जिम्मेवारी दिइएको छ भने सियाराम कुशवाहा, उमेश कुशवाहा, देवी पण्डित रेग्मी, लालबाबु मन्सुरी र रञ्जुकुमारी साहलाई उपमहासचिव बनाइएको छ । सुभाष प्रसाद साहलाई पार्टी प्रवक्ताको जिम्मेवारी दिइएको छ।

बैठकले प्रदेशदेखि जनसंगठन र पार्टीका विभिन्न विभागसम्मको जिम्मेवारीमा समेत हेरफेर गरेको छ । प्रदेश इन्चार्जका रूपमा कोशीमा जुरिलाल मोची, मधेशमा आत्माराम साह, बागमतीमा धनकुमारी मगर, गण्डकीमा शिवप्रसाद गौतम, लुम्बिनीमा विजय यादव, कर्णालीमा श्रीभगवान पटेल र सुदूरपश्चिममा विसुन सिंह बोहरालाई जिम्मेवारी दिइएको छ । त्यस्तै काठमाडौं उपत्यका विशेष कमिटीको नेतृत्व तिलक थापा मगरलाई र जबस विशेषको इन्चार्ज त्रिभुवन साहलाई तोकिएको छ।

### जनसंगठनलाई पनि संघर्षमा परिचालन गर्ने तयारी

आजपाले विभिन्न जनसंगठनको नेतृत्वमा समेत जिम्मेवारी बाँडफाँट गरेको छ। आईटी आर्मी, आम विद्यार्थी मोर्चा, आम किसान मोर्चा, आम महिला मोर्चा, आम दलित मोर्चा, आम मुस्लिम मोर्चा, आम पत्रकार मोर्चा तथा आम बुद्धिजीवी मोर्चालगायत संगठनका इन्चार्ज र अध्यक्षसमेत तोकिएको छ।

पार्टीका विभागहरूमा पनि नयाँ जिम्मेवारी तोकिएको छ । स्कुलिङ विभागको नेतृत्व तिलक थापा मगरले गर्ने भएका छन् । अनुशासन विभागको जिम्मेवारी आत्माराम साह, संगठन विभागको त्रिभुवन साह, प्रचारप्रसार विभागको सुभाष प्रसाद साह,

बाँकी पृष्ठ ३ मा




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–